# मुसिकोट नगरपालिका

## मुसिकोट नगरपालिकाको मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०७७

कार्यपालिकाबाट स्वीकृत मितिः२०७७/१/२९

मुसिकोट नगरपालिका वामीटक्सार, गुल्मी

# मुसिकोट नगरपालिका को मर्मत सम्भार कोष सञ्चालन कार्यविधि २०७७

मुसिकोट नगरपालिकाका सडक तथा खानेपानी आयोजनाहरुलाई निरन्तर सन्चालनमा ल्याउनको लागि बेलबेलामा मर्मत सम्वन्धि कार्य गनुपर्ने भएकोले उक्त कार्यलाई ब्यवस्थित रुपमा सन्तालन गर्न नगर मुसिकोट नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरि मुसिकोट नगर कार्यपालिकाबाट यो कार्यविधि बनाइ जारी गरिएको छ ।

।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम "**मुसिकोट नगरपालिकाको मर्मत सम्भार कार्यविधि,** २०७७" रहनेछ ।

(ख) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "**नगरपालिका** " भन्नाले मुसिकोट नगरपालिका लाई जनाउनेछ ।

(ख) "**प्रमुख** " भन्नाले मुसिकोट नगरपालिकाका नगरप्रमुख लाई जनाउनेछ ।

(ग) "**उपप्रमुख**" भन्नाले मुसिकोट नगरपालिका का उपप्रमुखलाई जनाउनेछ ।

(घ) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले मुसिकोट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(घ) "सभा भन्नाले " मुसिकोट नगरपालिकाको नगरसभा लाई सम्झनु पर्दछ ।

(ङ) "**मर्मत सम्भार कोष**" भन्नाले नगरपालिकाको गत आर्थिक बर्षमा सञ्चालित योजनाहरूबाट कट्टी गरिएको रकम र सभाबाट मर्मत सम्भारका लागि छुट्याईएको बजेटबाट खडा गरिएको कोषलाई जनाउनेछ ।

(च)"मर्मत सम्भार" भन्नाले सम्पन्न भएका योजनाहरुलाई चालु अवस्थामा राखि रहनका लागि तत्काल गर्नुपर्ने सामान्य मरम्मत सम्वन्धि कार्य लाई बुझ्नु पर्दछ ।

(छ)"मेशिन" भन्नाले सडक निर्माणका लागि प्रयोग हुने डोजर,स्काभेटर लगायतका मेशिन सम्झनु पर्दछ ।

## परिच्छेद-२

## उद्देश्य

३. यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ ।

(क) नगरपालिका  भित्र रहेका सडकहरूको मर्मत सम्भार गरी नियमित रूपमा यातायातका साधनहरू सञ्चालन गर्ने ।

(ख) सञ्चालनमा रहेका खानेपानी योजनाहरू मर्मत सम्भार गरी नियमित रूपमा खानेपानी योजनाहरू सञ्चालन गर्ने ।

(ग)    खानेपानी मर्मतका लागि सम्बन्धित क्षेत्रको अनुभवी तथा तालिम प्राप्त व्यक्ति संग सम्झौता गरि मरम्मत सम्वन्धि कार्य गर्ने ।

(घ) नगरपालिकाको कार्यालय र वडा कार्यालयहरूमा साना मर्मत सम्भार तथा घेराबारका कार्यहरू गर्ने ।

## परिच्छेद-३
## खर्च गर्ने क्षेत्रहरू

४. यस कार्यविधि अनुसार खर्च गर्ने क्षेत्रहरू देहाय बमोजिम रहनेछ ।

(क) नगरपालिका  भित्र रहेका नियमित रूपमा यातायात सञ्चालन हुने सडकहरूको मरम्मत

(ख) नगरपालिका भित्र रहेका ठूला खानेपानी आयोजनाहरूको मर्मत तथा नियमित सञ्चालन गर्नका लागि आवश्यक प्राविधिक जनशक्ति,

(ग) खानेपानी मर्मत सम्भारका लागि सामग्री (पाइप, गेटभल्व, रेन्ची, कन्ट्रोल भल्व)

(घ) नगरपालिकाको कार्यालय तथा वडा कार्यालयहरूमा हुने खानेपानी मर्मत ,शौचालय मर्मत, घेराबार, विद्युत वायरिङ्ग मर्मत, गेट निर्माण, बगैंचा निर्माण

(ङ) सडक मर्मत मजदुरका लागि आवश्यक पर्न निर्माण सामग्रीहरू गैंटी, वेल्चा, कोदालो, गल, घन, हँसिया, रेनकोट, हेल्मेट, बुट जस्ता सामानहरू

(च) सडक संचालन गर्ने सम्बन्धमा सडक मजदुरबाट मर्मत गर्न कठिन अवस्था देखिएमा डोजर जस्ता मेशिन भाडामा ल्याइ यातायात सुचारु गर्न सडक मर्मत कार्य ।

## परिच्छेद-४
## कोषको व्यवस्था

५. यस कार्यविधि अनुसार मर्मत संभार कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

(क) नगरपालिकाको नगरसभाबाट विनियोजित रकम ।

(ख) नेपाल सरकारबाट प्राप्त रकम ।

(ग) प्रदेश सरकारबाट प्राप्त रकम ।

(घ) दातृ निकायहरूबाट प्राप्त रकम ।

(ङ) नगरपालिकाको गत आर्थिक वर्षमा सञ्चालित योजनाहरूबाट कट्टी गरिएको रकम ।

## परिच्छेद-५

## मर्मत सम्भारकालागि मेशिन प्रयोग सम्वन्धि कार्यविधि

६. सडक तथा खानेपानी मर्मतका लागि मेशिनको प्रयोग गनुपर्ने भएमा नगर प्रमुखको तोक आदेश र प्रमुख प्रशासकीय अधिकृतको कार्यादेशमा मात्र यस कार्यबिधि अन्तर्गत मेशिनको प्रयोग गर्न सकिनेछ ।

७.मर्मत सम्भारकालागि मेशिन प्रयोग सम्वन्धि कार्यविधि देहाय बमोजिम हुनेछ ।

क. सडक तथा खानेपानी अवरुद्ध भई तत्काल मर्मत गनुपर्ने भएमा सम्वन्धित वडा कार्यालयले अवरुद्ध भएको सडक वा खानेपानीको विवरण सहित नगरपालिकामा पत्राचार गनुपर्नेछ ।

ख. वडा कार्यालयबाट प्राप्त पत्रका आधारमा नगर प्रमुख र निजको अनुपस्थितिमा नगर उप प्रमुखले सडक वा खानेपानी मर्मत सम्भारका लागि तोक आदेश दिन सक्नेछ ।

ग. नगर प्रमुखबाट तोक आदेश प्राप्त भएमा प्रमुख प्रशासकीय अधिकृतले तत्कालै अवरुद्ध सडक वा खानेपानी सुचारु गर्न सडक मरम्मतकर्ता र खानेपानीको हकमा पलम्बर खटाउनेछ ।

घ.सडक मर्मतका लागि मेशिनको प्रयोग गर्नुपर्ने भएमा सडक मरम्मतका लागि सुचिकृत भएका कन्सट्क्सनलाई सडक मर्मतका लागि कार्यादेश दिन सक्नेछ ।

ङ. यसरी कायादेश प्राप्त कन्सट्क्सनले सडक मर्मतका लागि खर्च गरेको समय वडाध्यक्षबाट प्रमाणित गराई १ प्रति आफु संग राख्नु पर्नेछ ।

च. नगरपालिकाका प्राविधिकबाट उक्त मरम्मत भएको क्षेत्रको प्राविधिक प्रतिवेदन,कार्यादेश र वडाकार्यालयको समय प्रमाणित भएको पत्र तथा अन्य आवस्यक कागजपत्र सहित कन्सट्क्सनले नगरपालिकामा भुक्तानी माग गर्न सक्नेछ ।

## परिच्छेद-६
## अनुगमन

८. यो कार्यविधि अनुसार गरिएका काम कारवाहीहरूको वडा कार्यालय तथा नगरपालिकाबाट अनुगमन गरिनेछ ।

**परिच्छेद-७**
**संशोधन तथा परिमार्जन सम्बन्धमा**

९. यो कार्यविधि नगर कार्यपालिकाबाट आवश्यकता अनुसार संशोधन तथा परिमार्जन गर्न सकिनेछ ।

**परिच्छेद-८**
**खारेजी तथा बचाउ**

१०. यस कार्यविधिमा व्यवस्था भएका कुराहरूको हकमा यसै बमोजिम र अन्यमा स्थानीय,प्रदेश र संघीय कानून बमोजिम हुनेछ ।**“स्थानीय सरकार सञ्चालन ऐन २०७४”** तथा अन्य प्रचलित कानूनसँग बाँझिएको हकमा बाँझिएको हदसम्म खारेजी हुनेछ ।